**प्रस्तावहरु:**

२०८१/०८२-१६।०१ अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन समिक्षा सम्बन्धमा

२०८१/०८२-१६।०२ गाउँपालिकाबाट नागरिकलाइ उपलब्ध गराउने सेवा प्रवाह प्रभावकारीता वढाउने सम्बन्धमा ।

२०८१/०८२-१६।०३ संघ, प्रदेश लगायतका अन्य कार्यालयहरुबाट प्राप्त पत्र, निर्देशन, सूचना तथा यस कार्यालयबाट भए, गरेका कार्यहरुको जानकारी सम्बन्धमा ।

२०८१/०८२-१६।०४ गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधि/कर्मचारीहरु उपस्थित भएको कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान सम्बन्धमा ।

२०८१/०८२-१६।०५ आर्थिक वर्ष २०८२।०८३ को राजस्व र व्ययको अनुमान सहित वार्षिक बजेट तथा कार्यक्रम सम्बन्धमा ।

२०८१/०८२-१६।०६ विविध सम्बन्धमा ।

गाउँसभा सम्बन्धमा ।

समस्या समाधान समिति सम्बन्धमा ।

**निर्णयहरु:**

**कार्यपालिका निर्णय नं २०८१/०८२-१६।०१**

प्रस्ताव नं २०८१/०८२-१६।०१ उपर छलफल गर्दा १६६औ कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्था बारेमा छलफल तथा समिक्षा गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१६।०२**

प्रस्ताव नं २०८१/०८२-१६।०२ उपर छलफल गर्दा गाउँपालिकाबाट नागरिकलाई उपलब्ध गराउने सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सार्वजनिक सेवा तथा क्षमता विकास समितिलाई सक्रिय बनाई जनगुनासोका विषयलाई सम्बोधन गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१६।०३**

प्रस्ताव नं २०८१/०८२-१६।०३ उपर छलफल गर्दा संघ, प्रदेश तथा अन्य निकायहरुबाट प्राप्त पत्र तथा निर्देशनहरु र कार्यालयमा भए, गरेका कार्यहरुको बारेमा जानकारी गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१६।०४**

प्रस्ताव नं २०८१/०८२-१६।०४ उपर छलफल गर्दा गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधिहरु उपस्थित भएका तथा यस गाउँपालिकामा भए गरेका तपसिलका कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान गरियो।

तपसिलः

रूपाताल परियोजना जग्गा मुआव्जा सम्बन्धी गोष्ठी

वास योजना कार्यक्रम

रुपा गाउँपालिका कास्की

**कार्यपालिका निर्णय नं २०८१/०८२-१६।०५**

प्रस्ताव नं २०८१/०८२-१६।०५ उपर छलफल गर्दा राजस्व र व्ययको अनुमान सहित आर्थिक वर्ष २०८२।०८३ को बजेट तथा कार्यक्रम तर्जुमाका लागि स्रोत अनुमान तथा सीमा निर्धारण समितिद्वारा निर्धारित सीमामा रही बजेट तथा कार्यक्रम तर्जुमा समितिद्वारा पेस भएको वार्षिक बजेट तथा कार्यक्रमको बुँदागत छलफल र संशोधन सहित स्वीकृत गरी आगामी गाउँसभामा पेस गर्ने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१६।०६**

प्रस्ताव नं २०८१/०८२-१६।०६ उपर छलफल गर्दा तपसिलका निर्णयहरू गरियो ।

तपसिलः

क) रूपा गाउँपालिका कास्कीको अठारौं गाउँसभा अधिवेशनलाई प्रभावकारी रूपमा सम्पन्न गर्नका लागि आवश्यक कायार्थ गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

ख) रूपा गाउँपालिका कास्कीको प्रशासकीय भवन (Construction of Administrative Building of RRM ) ठेक्का नं (11/RUPA/NCB/WORKS/2081/082) निर्माणधिन अवस्थामा रहेकाले उक्त भवन निर्माणको क्रममा आइ पर्न सक्ने समस्या तथा अस्पष्टतालाई तत्काल समाधान गर्न प्राविधिक सहित तपसिलका सदस्यहरू रहनेगरी समस्या तथा अस्पष्टता समाधान समिति गठन गरियो ।

तपसिलः

१. संयोजकः नवराज ओझा अध्यक्ष रूपा गाउँपालिका कास्की
२. सदस्यः लालसुब्बा गुरूङ उपाध्यक्ष रूपा गाउँपालिका कास्की
३. सदस्यः चिरन्जीवी बराल प्रमुख प्रशासकीय अधिकृत
४. सदस्यः जीवन शर्मा लेखा अधिकृत
५. सदस्यः सइ प्रह्लाद घर्ती साइट इन्चार्ज
६. सदस्यः प्रतिनिधि RIPL-MCPL JOINT VENTURE
७. सदस्य-सचिवः अभिनव गौतम इन्जिनियर/प्रोजेक्ट म्यानेजर

मिति २०८२ असार ०६ गते बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...
(चिरन्जीवी बराल)
प्रमुख प्रशासकीय अधिकृत
रुपा गाउँपालिका कास्की

रुपा गाउँपालिका कास्की